# बर्दिया जिल्लाका निर्वाचित जनप्रतिनिधिहरूमा बधाई
# तथा कार्य सफलताको शुभकामना सहित

# नेपालकै सर्वोत्कृष्ट स्थानीय तहको पहिचान निर्माण गर्दै आम नागरिकको ओठमा मुस्कान ल्याउन स्थानीय तहले गर्नुपर्ने प्रमुख कार्यहरू

**कृष्णहरि बाँस्कोटा**

khbaskota1@gmail.com

**9841350280**

# योजना तर्जुमा सीप (१)

१. क्रमगत योजना सम्पन्न गरौं ।

२. ५ बर्षको बार्षिक र मासिक कार्ययोजना तर्जुमा गरौं ।

३. तत्कालीन/अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोच सार्वजनिक गरौं ।

४. योजना तर्जुमामा जनभेला गरौं । विभिन्न माध्यमद्वारा सुझाव संकलन गरौं ।

५. योजना तर्जुमासँगै स्रोतको पनि सुनिश्चित गरौं ।

६. तत्काल जनताले अनुभूति गर्ने र दीर्घकालमा जनताले अनुभूति गर्ने गरी ५०/५०% योजना छनौट गरौं ।

**क्रमशः**

# योजना तर्जुमा सीप (२)

७. प्रस्तावित योजना कुन प्रक्रियाद्वारा सञ्चालन गर्ने : ठेक्कापट्टा लगाउने, उपभोक्ता समूहबाट गराउने वा सोझै आफैले गर्ने कुराको पनि एकिन गरौं ।

८. योजना छनौट गर्दा सबै पक्ष, सबै वर्ग र सबै क्षेत्रलाई समेट्ने कोशिस गरौं ।

९. योजनामा मेशिन प्रयोग गर्नुको सट्टा स्थानीयलाई रोजगारी दिने सोच राखौं ।

१०. योजना कार्यान्वयनमा भ्रष्ट्राचारको कुनै पनि गन्ध आउन दिने कुराको शुरुदेखि नै सुनिश्चितता गरौं ।

# आर्थिक विकासको पूर्वाधार के हो ?

- उद्योगी/व्यापारी प्रति सकारात्मक दृष्टिकोण राख्ने ।
- स्कूल/कलेजमा व्यवसायिक शिक्षा दिने ।
- लोडसेडिङ्ग नहुने, सडक स्तरीय र बन्द हडताल नहुने, शान्ति सुरक्षा राम्रो, लगानीकर्ता र मजदुरबीच असल सम्बन्ध तथा राम्रो कर प्रणाली हुनुपर्छ ।
- काम गर्ने जनशक्ति/मजदुरको उपलब्धता र दक्ष एवं सीपयुक्त हुनुपर्छ ।
- समस्या/विवाद आएमा तत्कालै न्यायोचित ढंगले संबोधन हुने संयन्त्रको जरुरत पर्दछ ।

# आर्थिक विकासको गन्तव्य (१)

- उद्यमशीलता, स्वरोजगार र औद्योगिकीकरणबाट रोजगारी श्रृजना हुन्छ ।
- स्थानीय सरकारको सफलता भनेको आर्थिक सम्बृद्धि हो ।
- हाल विश्वलाई राजनैतिक विकासले होईन आर्थिक विकासले हाँकेको छ ।
- पहिचान र इज्जत आर्थिक हैसियतले दिन्छ ।
- यसर्थ हाम्रो प्रयास प्रत्येक व्यक्तिका लागि रोजगारीको अबसर जुटाउने हुनुपर्छ ।
- टोल टोलमा समूह गठन गरी आयमूलक र सीपमूलक तालीम दिनुपर्छ ।
- घरेलु कार्यालय लगायतसँग थुप्रै स्किम छन्, तिनको जानकारी लिने र कार्यान्वयन गर्नुपर्छ ।
- उद्योग वाणिज्य संघसँग मिलेर संभावना, उत्पादन र बजार व्यवस्था गर्न सकिन्छ । **क्रमश:**

# आर्थिक विकासको गन्तव्य (२)

- रोजगारी दिने परियोजना र आर्थिक क्रियाकलापलाई प्राथमिकता दिनुपर्छ ।
- कोशेली घर र हाट बजारले स्थानीय उत्पादन बिक्रीमा सघाउँछ, यसबाट उत्पादक उत्प्रेरित हुन्छन् ।
- स्थानीय तहले औद्योगिक ग्राम/औद्योगिक क्षेत्र/हस्तकला ग्राम खडा गर्न सक्छ, जसबाट औद्योगिकीकरण र रोजगारीको वातावरण बन्छ ।
- लगानी सम्मेलन गर्नुपर्छ ।
- नागरिकमा बचत गर्ने बानी र कार्यक्रम घोषणा गर्नुपर्छ ।
- सेवा व्यवसाय बढी लाभयुक्त हुन्छ, यस्मा स्थानीय यूवालाई उत्प्रेरित गर्नुपर्छ ।
- एक स्थानीय तह एक उत्पादनको अवधारणामा जानु पर्छ ।

**क्रमशः**

# आर्थिक विकासको गन्तव्य (३)

- बंगलादेशमा स्थानीय तहले संघसँग बढि बजेटका लागि पहल गर्नुको सट्टा लगानीकर्तालाई आकर्षित गर्ने पहललाई प्राथमिकता दिएका छन् ।
- अन्यत्र सफल भएको उद्योग आफूकहाँ पनि ल्याउन सकिन्छ ।
- माग र आपूर्तिको पक्ष मनन गरेर लगानीकर्तालाई आमन्त्रण गर्नुपर्छ ।
- आफ्नो स्थानमा उपलब्ध कच्चा पदार्थ, प्रविधि र सीपमा आधारित लगानी बढी उपयोगी हुन्छ ।
- खाद्यान्न, हरियो तरकारी, फलफूल, माछा मासु र दूध लगायतको उत्पादन, संकलन, प्रशोधन, प्याकेजिंग, ग्रेडिंग र ठूला ठूला भण्डारण, कोल्ड स्टोरको संभावना हेरौं गरौं ।

# स्थानीय तहका लागि सहयोगी निकायहरु (१)

- ग्रामीण सडक पूर्वाधार तथा झोलुङ्गेपुल (डोलिडार)।
- जोखिम सम्वेदनशील भू-उपयोग योजना (खानी तथा भूगर्भ विभाग)।
- भू-उपयोग योजना (भूमि सुधार तथा व्यबस्था मन्त्रालय)।
- औद्योगिक ग्राम/एक नगर एक उत्पादन/उद्यमशीलता (उद्योग मन्त्रालय)
- पशु बधशाला (पशु सेवा विभाग)
- हाट बजार (कृषि विकास मन्त्रालय)
- शहर हरियाली (वन तथा भूसंरक्षण मन्त्रालय)
- मन्दिर, गुम्बा, धार्मिक एवं पर्यटकीय पूर्वाधार (संस्कृति,पर्यटन तथा ना.उ.मन्त्रालय)
- तालीम (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय)

**क्रमशः**

# स्थानीय तहका लागि सहयोगी निकायहरु (२)

- सडक मर्मत (सडक फण्ड बोर्ड)।
- पूर्वाधार अनुदान तथा ऋण (नगर विकास मन्त्रालय)।
- समग्र नगर विकास योजना (Land Pooling, House Pooling, Street Mapping, House Numbering, Building Code, Building by-laws) (शहरी विकास मन्त्रालय/भवन विभाग)।
- ल्याण्डफिल्ड साईट निर्माण (फोहोर मैला तथा प्राविधिक सहयोग केन्द्र)।
- खेलकूद ग्राउण्ड निर्माण र सामाग्री (यूवा तथा खेलकूद मन्त्रालय)।
- सौर्य उर्जा (वैकल्पिक उर्जा केन्द्र)।
- गरिबी निवारण (गरिबी निवारण कोष)।

# स्थानीय तहको प्रशासन तथा नियमन सम्बन्धी कार्यहरू

- स्थानीय सेवा गठन सञ्चालन (कर्मचारी व्यवस्थापन) ।
- कानून तर्जुमा, संशोधन र कार्यान्वयन ।
- घरजग्गा अभिलेख र धनीपुर्जा विवरण ।
- मेलमिलाप, मध्यस्थता र स्थानीय अदालत ।
- सुरक्षा व्यवस्था र विवाद समाधान ।
- अनुमति, सिफारिश, इजाजत र नवीकरण ।
- स्थानीय बजार व्यवस्थापन, सुकुम्बासी व्यवस्थापन र विपद व्यवस्थापन ।
- सवारी साधन अनुमति र यातायात व्यवस्थापन ।
- जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको व्यवस्थापन ।

# स्थानीय तहको सूचना व्यवस्थापन सम्बन्धी कार्यहरू

- स्थानीय तथ्याङ्क संकलन र व्यवस्थापन ।
- एफ. एम. सञ्चालन र पत्रपत्रिका अभिलेखीकरण ।
- स्थानीय केबुल वितरण र नियमन ।
- भू-सूचना व्यवस्थापन ।
- पन्जीकरण र व्यक्तिगत घटना दर्ता ।
- बेरोजगारको तथ्याङ्क ।

# स्थानीय तहको विकास व्यवस्थापन सम्बन्धी कार्यहरू

- स्थानीय तहको विकास कार्यक्रम ।
- आधारभूत/माध्यमिक शिक्षा, स्वास्थ्य, सरसफाई र खानेपानी ।
- स्थानीय पूर्वाधार (स्थानीय/ग्रामीण सडक, सिंचाई, भवन, विद्युत) ।
- कृषि/पशुपालन, सहकारी, पशुस्वास्थ्य, कृषि उत्पादन/व्यवस्थापन, कृषि सुधार ।
- वन, वन्यजन्तु जलाधार, चराचुरुङ्गी, जल उपयोग, वातावरण, जैविक विविधता ।
- खानी तथा खनिज पदार्थको संरक्षण, साना जलविद्युत, बैकल्पिक उर्जा ।

# स्थानीय तहले गर्नुपर्ने विविध कार्यहरू

- भाषा, संस्कृति र कलाको संरक्षण ।
- सामाजिक सुरक्षा र गरिबी न्यूनीकरण ।
- पुरातत्व, प्राचिन स्मारक र संग्राहलय ।
- सार्वजनिक सम्पत्तीको अभिलेख/संरक्षण ।

# स्थानीय तहको वित्तिय व्यवस्थापन सम्बन्धी कार्यहरू

- स्थानीय कर उठाउने (सम्पत्ती कर, घर बहाल कर, भूमि कर, घरजग्गा रजिष्ट्रेशन, मालपोत, व्यवसाय कर, विज्ञापन कर, सवारी साधन कर, मनोरञ्जन कर ।
- स्थानीय शुल्क दस्तुर उठाउने (सेवा शुल्क, पर्यटन शुल्क, सिफारिश दस्तुर, दण्ड जरिवाना, सवारी साधन अनुमति दस्तुर, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, इजाजत तथा नवीकरण दस्तुर ।
- वित्तिय हस्तान्तरण लिने ।
- लेखा सञ्चालन र लेखा परीक्षण गर्ने ।

# स्थानीय तहको नमूना आचार संहिता

- मुलुकको सार्वभौमसत्ता, अखण्डताको प्रतिकूल कार्य नगर्ने ।
- संघ, प्रदेश र स्थानीय तहबीचको सुसम्बन्धमा आँच नपुऱ्याउने ।
- जनताको सार्वभौम अधिकार, स्वशासन लगायतका मान्य सिद्धान्त विपरित वक्तव्य नदिने ।
- अनावश्यक र गैह्र कानूनी आश्वासन नदिने ।
- राजनैतिक आस्थाका आधारमा भेदभाव नगर्ने ।
- सामाजिक भेदभाव नगर्ने र कसैको स्वाभिमानमा आँच नपुऱ्याउने ।
- लैङ्गिक समानतामा आँच नपुऱ्याउने ।
- स्रोत र साधनको अनधिकृत प्रयोग नगर्ने ।
- कुनै पनि प्रकारको स्वार्थ निहित कार्य नगर्ने ।
- आफ्नो आचार संहिता आफै निर्माण गरी लागू गर्ने ।

# स्थानीय तहमा न्यायिक समितिको व्यवस्था/स्थानीय अदालत (१)

- उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने ।
- दूई सदस्य सभाले निर्वाचित गर्ने ।
- प्रस्तावित स्थानीय शासन ऐनमा लेखिएको क्षेत्राधिकार :

क) सन्धि सर्पन, आलीधुर, बाँध पैनी, कुलो, पोखरी वा पानीको बाँडफाँड तथा बाटो वा निकासा मिचेको विवाद ।

ख) बाली अर्मल ।

ग) मुलुकी ऐनको ज्याला मजुरी, गरिब कंगाल, चौपाया हराउने र पाउने, घर बनाउनेको महल ८ नं. र ९ नं., कल्याण धन, अंश बण्डाको महलको १० नं. अन्तर्गतको इज्जत आमदअनुसार खान लाउन दिनु पर्ने बिषयको विवाद ।

घ) जलस्रोतको स्थानीय उपयोग सम्बन्धी बिषय र पानी घाटको प्रयोग तथा सार्वजनिक सम्पत्तीको सुरक्षा सम्बन्धी मुद्दा ।

ङ) चरन, घाँस, दाउरा सम्बन्धी मुद्दा ।

च) घरधनी र घर बहालमा बस्नेबीचको विवाद ।

**क्रमश:**

# स्थानीय तहमा न्यायिक समितिको व्यवस्था/स्थानीय अदालत (२)

- न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय कार्यपालिकाको हुनेछ ।
- न्यायिक समितिले फैसला गर्दा निम्न मान्यता अवलम्बन गर्नेछ :

क) निश्पक्षताको सिद्धान्त ।

ख) स्वच्छ सुनुवाईको सिद्धान्त ।

ग) प्राङ्ग न्यायको सिद्धान्त ।

घ) हकदैया ।

ङ) क्षेत्राधिकार ।

च) हदम्याद ।

**क्रमश:**

# स्थानीय तहमा न्यायिक समितिको व्यवस्था/स्थानीय अदालत (३)

- स्थानीय तहमा विवाद निरुपणका अन्य माध्यमहरु :

  क) मेलमिलाप ।

  ख) मध्यस्थता ।

  ग) सामुदायिक मेल मिलाप ।

  घ) मिलापत्र ।
- न्यायिक समितिको अतिरिक्त स्थानीय तहमा छुट्टै स्थानीय अदालत पनि गठन हुन सक्छ ।
- यस्को लागि छुट्टै कानून तर्जुमा हुनुपर्छ ।
- तर न्यायिक समिति र स्थानीय अदालतबीचको कार्यक्षेत्र दोहोरो नपर्ने गरी वा नबाझिने गरी गर्नु पर्ने हुन्छ ।

**क्रमश:**

# स्थानीय तहमा न्यायिक समितिको व्यवस्था/स्थानीय अदालत (४)

- यस समितिले अदालत सरह म्याद सूचना जारी गर्ने, प्रमाण बुझ्ने, साक्षी सर्जमीन बुझ्ने लगायतको काम गर्छ।
- न्यायिक समितिले सामूहिकरुपमा र बहुमतको आधारमा निर्णय गर्नेछ।
- निर्णय गर्दा संयोजक आवश्यक पर्छ। तर संयोजनकको पद रिक्त भएकोमा दूई सदस्यको सर्वसम्मतीबाट निर्णय हुनेछ।
- न्यायिक समितिका संयोजक र सदस्यहरुको स्वार्थ वा सरोकारको वा नाताभित्रको विवाद भए सभाले सो बिबादका लागि अर्को ३ सदस्यीय न्यायिक समिति गठन गर्न सक्छ।
- न्यायिक समितिको निर्णय कानूनी ढाँचामा तयार गर्नुपर्छ।
- समितिको निर्णय पक्ष विपक्ष दुवैलाई उपलब्ध गराउनु पर्छ।
- समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले ९० दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्छ।
- यस विषयमा सर्बोच्च अदालतबाट निर्णय भएको छ।


धन्यबाद !
खुला छलफल
सूचनाको हक
लोकतन्त्र